# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल जेठ महिना २२ गते सोमबार)

यस विकास बैंक लि.को शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले हायर पर्चेज कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक रुपमा मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जाको तिर्न बुझाउन पर्ने साँबा व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएको तथा सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना समेत प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकले कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र पनि बैकलाई तिर्न बुझाउन बाँकी साँबा व्याज तथा हर्जाना नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालय भैरहवामा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

**तपशिल**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीहरुको विवरण |
|---|---|
| नाम : **टिकामणी पुन**<br>बाबुको नाम : खडक ध्वज पुन<br>बाजेको नाम : अमर पुन<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला वुटवल न.पा.<br>वडा नं. ९<br>हालको ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा.<br>वडा नं. ११<br>ना.प्र नं. : २१४७५<br>जारी मिति : २०४८/१०/२४, रुपन्देही | १. नाम : **शोभा पुन**<br>बाबुको नाम : छविलाल रेश्मी<br>पतिको नाम : टिकामणी पुन<br>ससुराको नाम : खडक ध्वज पुन<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला वुटवल न.पा.<br>वडा नं. ९<br>हालको ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा.<br>वडा नं. ११<br>ना.प्र नं. : ९०८७<br>जारी मिति : २०५७/०१/२१, रुपन्देही |
| **व्यक्तिगत धनजमानीहरुको विवरण** | |
| २. नाम : **निशान पुन**<br>बाबुको नाम : टिकामणी पुन<br>बाजेको नाम : खडक ध्वज पुन<br>ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. ११<br>ना.प्र नं. : ३७-०२-७२-०३१२३<br>जारी मिति : २०७२/०५/१८, रुपन्देही | ३. नाम : **उमेश थापा**<br>बाबुको नाम : खेम बहादुर थापा<br>पतिको नाम : हेम बहादुर थापा<br>ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १<br>ना.प्र नं. : १७७७१<br>जारी मिति : २०५७/०८/०८, रुपन्देही |

**धितो सुरक्षण सम्बन्धि विवरण :** धनी यस बैंक र ऋणी टिकामणी पुन कायम रहेको तपसिल सवारी साधन

| सवारी दर्ता नं. | इन्जिन नं. | च्यासिस नं. | बनेको वर्ष | मोडेल |
|---|---|---|---|---|
| लु १ ज ३६९८ | 483DLTC55JSYJ17127 | MAT460072HUR03063 | २०१७ | TATA Winger, Monocoque passenger van |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण:**

१. मिति २०७९/०५/२१ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

२. मिति २०७९/१०/१९ को कारोबार राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**शर्त बन्देजहरू :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८०/०३/०४ गते सोमबार यस बैंकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८०/०३/०५ गते मंगलबार अर्थात १६ औ दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**